आ.व २०८२/८३

समय- ११ बजे

बैठक संख्या:१०

स्थान: गाउँकार्यपालिकाको कार्याललय

आज मिति २०८२ माघ ०९ गते शुक्रबारको दिन यस कुम्मायक गाउँपालिकाका अध्यक्ष श्री वंम प्रसाद लावती ज्यूको अध्यक्षतामा कुम्मायक गाउँकार्यपालिकाको बैठक बसि तपशिलको उपस्थितिमा निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति:

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री वंम प्रसाद लावती | अध्यक्ष | [signature] |
| २ | श्री महेन्द्र बहादुर खड्का | उपाध्यक्ष | [signature] |
| ३ | श्री देवेन्द्र कुमार लावती | सदस्य | [signature] |
| ४ | श्री वालकृष्ण शेर्मा | सदस्य | [signature] |
| ५ | श्री बाबुराम कार्की | सदस्य | [signature] |
| ६ | श्री फगेन्द्र कुमार सम्बाहाम्फे | सदस्य | [signature] |
| ७ | श्री निर्मल राज घिमिरे | सदस्य | [signature] |
| ८ | श्री गंगा देवि बोहोरा | सदस्य | |
| ९ | श्री बेद माया चापागाइ | सदस्य | [signature] |
| १० | श्री इन्द्रसरी विश्वकर्मा | सदस्य | [signature] |
| ११ | श्री धनमाया तामाङ्ग | सदस्य | |
| १२ | श्री डिक बहादुर दर्जी | सदस्य | [signature] |
| १३ | श्री लक्ष्मी नेपाली | सदस्य | |
| १४ | श्री जय नारायण खनाल | सदस्य सचिव | [signature] |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १५ | उमेश नेम्बाङ | प्रा.पी (मुख्य प्रशासकीय प्रमुख) | [signature] |
| १६ | रजत बुढाथोकी | सूचना प्रविधि अधिकृत | [signature] |
| १७ | सुदिप पौडेल | सहायक पाँचौं प्रशासन | [signature] |
| १८ | अर्पण पाठक | पुर्वाधार प्रमुख | [signature] |
| १९ | [illegible] | [illegible] | [signature] |
| २० | | | |
| २१ | | | |

मिति २०८२-१०-०९ गते बसेको १० औं कार्यपालिका बैठकका निर्णयहरु

१. विद्यालयको भौतिक पुर्वाधार निर्माण अन्तर्गत ४ कोठे भवन निर्माणका लागी लागत सझेदारी सम्बन्धमा।

२. भु- वर्गिकरण सम्वन्धी प्रस्तुतिकरण सम्वन्धमा।

३. एम्बुलेन्स राजस्व निर्धारण सम्बन्धमा।

४. न्यायीक समितिबाट निर्णय भई आएका कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।

५. करार कर्मचारीको नविकरण सम्बम्धमा।

निर्णयहरुः

प्रस्ताव नं. १ विद्यालयको भौतिक पुर्वाधार निर्माण अन्तर्गत ४ कोठे भवन निर्माणका लागी लागत सझेदारी सम्बन्धमा।

निर्णय नं. १ प्रस्ताव नं. १ माथी छलफल गर्दा कुम्मायक गाउँपालिका गाँउ शिक्षा समितिबाट मिति २०८२-०९-१४ गते निर्णय भई आएको तपसिलका विद्यालयहरुमा ४ कोठे पक्की भवन निर्माणका लागी १०% ले हुन आउने लागत साझेदारी गाउँ कार्यपालिकाको तर्फबाट गर्ने भनी निर्णय गरियो।
तपसिलः

१. श्री खाल्डे मा.वि. कुम्मायक १ पाँचथर (रु.६५,००,०००| को १०% ले हुन आने रकम रु. ६,५०,०००| साझेदारी गर्ने)
२. श्री सरस्वती आ.वि. कुम्मायक २ पाँचथर ( ६५,००,०००| को १०% ले हुन आने रकम रु. ६,५०,०००| साझेदारी गर्ने)

प्रस्ताव नं. २ भु- वर्गिकरण सम्वन्धी प्रस्तुतिकरण सम्वन्धमा।

निर्णय नं. २ प्रस्ताव नं. २ माथी छलफल गर्दा कुम्मायक गाउँपालिकाको जग्गा वर्गिकरण अन्तर्गत भु- वर्गिकरणको प्रस्तुतिकरण गाउँ कार्यपालिकाको कार्यालयमा पिभोट ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.ली .बाट भएको हुदा सो प्रस्तुतिकरण हेरी त्रुटिहरु सच्याउन लगाउने निर्णय गरियो।

प्रस्ताव नं. ३ एम्बुलेन्स राजस्व निर्धारण सम्बन्धमा।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथी छलफल गर्दा कुम्मायक गाउँपालिकाको कार्यालयबाट संचालित एम्बुलेन्सको भाडा दररेट हाल सम्म निर्धारण नभएकोले स्थानीय चलन चल्ती बमोजिम भाडा लिई एम्बुलेन्स सन्चालनमा रहेकोले जिल्ला एम्बुलेन्स भाडादर कायम हुनु भन्दा अगाडी स्थानीय चलन चल्तीमा रहेको तपसिल

बमोजिमको भाडा दरलाई कायम गरी राजस्व जम्मा गराउने निर्णय गरियो। साथै जिल्ला एम्बुलेन्स भाडा दररेट निर्धारण भए पश्चात सोहि बमोजिम भाडा दर कायम गर्ने भनी निर्णय गरियो।

तपसिलः

१. कुम्मायक बाट विराटनगर रु. ११,०००।
२. कुम्मायक बाट धरान रु. १०,०००।
३. कुम्मायक बाट दमक रु. १०,०००।
४. कुम्मायक बाट फिदिम रु. ४५००।
५. कुम्मायक बाट बिर्तामोड रु. १०,०००।

जिल्ला एम्बुलेन्स भाडा दररेट नआएसम्म अन्य ठाउँको हकमा स्थानीय चलन चल्ती बमोजिमको राजस्व लिई सेवा प्रवाह गराउने निर्णय गरियो।

प्रस्ताव नं. ४ न्यायीक समितिबाट निर्णय भई आएका कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथी छलफल गर्दा कुम्मायक गाउँपालिकाको न्यायीक समितिबाट निर्णय भई आएका तपसिलका कार्यक्रमहरु संचालनको लागी स्वीकृत गर्ने भनी निर्णय गरियो।

तपसिलः

१. पाँचथर जिल्ला अदालतको प्रविधि जडान तथा व्यवस्थापन रु. २,५०,०००।
२. पुन ताजगी तालिम संचालन रु. २,००,०००।
३. अन्तरपालिका भ्रमण रु. २,००,०००।
४. बाल विवहा तथा लागू औषध विरुद्द जनचेतना कार्यक्रम (वृत चित्र) रु. १,००,०००।
५. न्यायीक समिति व्यवस्थापन तथा विविध रु. २,५०,०००।

जम्मा रु. १०,००,०००।

प्रस्ताव नं. ५ करार कर्मचारीको नविकरण सम्बम्धमा।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथी छलफलगर्दा कुम्मायक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तथा गाउँ कार्यपालिकाको मातहतमा रहेका वडा कार्यालयहरु,स्वास्थ्य संस्थामा कार्यरत करार कर्मचारीको सेवा करार नविकरण ६ महिना समयावधी रहने गरी नविकरण गराउने भनी निर्णय गरियो।